फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम

☎-९८५२०८०६००
१ नं. प्रदेश, नेपाल

## करार सेवामा सूचना प्रविधि अधिकृत (IT Officer) पदपुर्ति गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७४।०९।१७ गते**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय इकाई, सिंहदरवार काठमाण्डौको च.नं. १२७ मिति २०७४।०७।१७ को सूचना प्रविधि अधिकृतको करार सेवा सम्वन्धको पत्रानुसार तथा यस गाउँ कार्यपालिकाको मिति २०७४।०९।१६ गतेको निर्णयानुसार देहाय बमोजिमको शर्तहरुको अधीनमा रही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

१. **दरखास्त दिने अन्तिम मितिः-** २०७४।१०।०१ गते कार्यालय समय सम्म (अन्तिम दिन सार्वजनिक विदा पर्न गए त्यसको भोलिपल्ट सम्म)

२. **दरखास्त फारम पाउने स्थानः-** फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाइट http://www.phedapmun.gov.np बाट download गर्न सकिनेछ ।

३. **आवश्यक न्युनतम योग्यताः-** लोकसेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM,BBIS, BCA, BCIS, BEIT, B.Sc. IT, B.Sc. CSIT) उर्तिण गरेको हुनु पर्नेछ ।

४. **संलग्न गर्नुपर्ने कागजातहरुः-** व्यक्तिगत विवरण (Bio-Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभव भए सोको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

५. **दरखास्त दिने तरिकाः-** बुंदा नं. ४ मा उल्लेखित कागजात हरु एवं. बुँदा नं. ६ मा तोकिएको दस्तुर यस गाउँपालिकाको नेपाल वैंक लिमिटेड, तेह्रथुममा रहेको संचित कोष खाता नं. ०५४०३००००००००४००१०१२ मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वय उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सवै प्रमाणपत्रहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ । (नोटः- विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ )

६. **दरखास्त दस्तुरः-** रु. १,०००।– (एक हजार मात्र) ।

७. **कार्यशर्तको विवरण (TOR)-** २०७४।०३।२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भएवमोजिम ।

८. **करार अवधिः-** २०७५ असार मसान्त सम्म

९. **तलव सुविधाः-** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तोकेवमोजिम मासिक रु. ४०,०००।– र दुर्गम भत्ता रु. ५,०००।– गरी जम्मा रु. ४५,०००।– (अक्षरेपी पैंतालिस हजार मात्र)

१०. **उम्मेद्वारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ तर महिला र अपाङ्गता भएका उम्मेद्वारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

११. **उम्मेद्वार छनौटका आधारहरुः-**

| क्र.सं. | सूचकहरु | पुर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ३ | उम्मेद्वारको स्थायी ठेगाना | २० |
| ४ | २ वर्ष भन्दा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |
| ५ | प्रयोगात्मक परीक्षा | २० |
| ६ | अन्तर्वार्ता | ३० |

(नोटः माथि क्र.सं. १,२,३ र ४ मा उल्लिखित सूचकहरुको कुल प्राप्ताङ्कको ५० प्रतिशत अंक प्राप्त गर्ने उम्मेद्वारहरुलाई मात्र छोटो सूची (Short List) मा समावेश गरी प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।)

१२. **थप जानकारीका लागिः-** सम्पर्क नं. ९८५२०८०६००, ९८४९११५०८९ र इमेलः fedap.ruralmun@gmail.com

१३. **नोटः-** यस सूचनामा उल्लेखित भए बाहेकका विषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेद्वार छनौट तथा सिफारिस समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
फेदाप गाउँपालिका, तेह्रथुम